# आकाशवाणी समाचार- नेपाली

मितिः ०१ नोभेम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदीले आज छत्तीसगढ़मा राज्य स्थापनाको 25 वर्ष पुरा भएको अवसरमा आयोजित समारोह तथा अन्य कार्यक्रमहरुमा भाग लिनु हुनेछ।

- प्रधानमंत्री नरेंद्र मोदीले भन्नुभएको छ, सबैको प्रयासले देशले विज्ञान अनि नवाचारको क्षेत्रमा वैश्विक नेतृत्वलाई परिभाषित गरिरहेको छ

- विदेश मंत्री डॉ. एस. जयशंकरले भन्नुभयो भारत अनि ब्रिटेन संबंध एक जटिल ऐतिहासिक सहयोगदेखि बढेर एक गतिशील अनि दूरदर्शी साझेदारीमा विकसित भएको छ।

- मलेशियाका रक्षा मंत्री **सेरी मोहम्मद खालिद बिन नॉर्दिन** ले भन्नुभएको छ, **आसियान** देशहरुले भारतलाई ज्ञान अनि नवाचारको एक वैश्विक केंद्र मान्दछ|

- जर्मनीको सारब्रुकेनमा हाइलो ओपन सुपर-500 बैडमिंटन टूर्नामेंटमा भारतका उन्नति हुड्डा महिला सिंगल्सको सेमीफाइनलमा पुगेकी छन्|

**प्रधानमंत्री छत्तीसगढ-भ्रमण**

प्रधानमंत्री नरेन्द्र मोदी आज छत्तीसगढ़ जानु हुनेछ अनि राज्य स्थापनाको 25 वर्ष पुरा भएको अवसरमा आयोजित समारोह तथा अन्य कार्यक्रमहरुमा भाग लिनु हुनेछ। श्री मोदी सड़क, उद्योग, स्वास्थ्य सेवा अनि ऊर्जा क्षेत्रमा 14 हजार 260 करोड़ रुपियाँभन्दा अधिकको धेरै विकास परियोजनाहरुको शुभारंभ पनि गर्नुहुनेछ। प्रधानमंत्री **'दिल की बात'** पहल अन्तर्गत नवा रायपुर अटल नगर स्थित श्री सत्य साईं संजीवनी अस्पतालमा **'जीवनको उपहार'** कार्यक्रममा जन्मजात हृदय रोगहरुको सफलतापूर्वक उपचार भएका लगभग अढाई हजार बाल बालिकाहरुसित बातचीत गर्नुहुनेछ। त्यसपछि श्री मोदी ब्रह्माकुमारीको "शांति शिखर" उद्घाटन गर्नुहुनेछ, जो आध्यात्मिक शिक्षा, शांति अनि ध्यानको एक आधुनिक केंद्र हो। श्री मोदीले नवा रायपुर अटल नगर स्थित छत्तीसगढ़ विधानसभाको नयाँ भवनमा पूर्व प्रधानमंत्री भारत रत्न अटल बिहारी वाजपेयीको प्रतिमा अनावरण गर्नुहुनेछ। प्रधानमंत्रीले नयाँ विधानसभा भवनको उद्घाटन पनि गर्नुहुनेछ, यस अवसरमा उपस्थित जनसमूहलाई संबोधित पनि गर्नुहुनेछ। प्रधानमंत्रीले दिउसो, शहीद वीर नारायण सिंह स्मारक अनि जनजातीय स्वतंत्रता सेनानी संग्रहालयको उद्घाटन गर्नुहुनेछ, जो राज्यको जनजातीय समुदायहरुको साहस अनि देशभक्तिको प्रतीक हो। उहाँले संग्रहालय पोर्टल अनि **ई-बुक 'आदि शौर्य'को पनि** विमोचन गर्नुहुनेछ तथा घोडामा सवार शहीद वीर नारायण सिंहको प्रतिमा अनावरण गर्नुहुनेछ।ग्रामीण आजीविका मजबूत गर्ने उद्देश्यले प्रधानमंत्रीले नौ जिल्लाहरुमा 12 नयाँ स्टार्ट-अप ग्राम उद्यमिता कार्यक्रम ब्लॉकहरुको उद्घाटन गर्नुहुनेछ। उहाँले नव-निर्मित 3 लाख 51 हजार घरहरुको गृह प्रवेशमा पनि भाग लिनुहुनेछ अनि प्रधानमंत्री आवास योजना-ग्रामीण अन्तर्गत तीन लाख लाभार्थिहरुलाई किश्ताको रूपमा एक हजार 200 करोड रुपियाँ जारी गर्नुहुनेछ। श्री मोदीले पत्थलगांव-कुनकुरीबाट छत्तीसगढ़-झारखंड सीमासम्म चार लेन ग्रीनफील्ड हाईवेको आधारशिला राख्नु हुनेछ, जसमा भारतमाला परियोजना अन्तगत 3 हजार 150 करोड़ रुपियाँ लागतमा विकसित गरिने छ। प्रधानमंत्री पूर्वी अनि पश्चिमी ग्रिडहरु बीच विद्युत स्थानांतरण क्षमतालाई एक हजार 600 मेगावाटसम्म बढ़ाउनका लागि अंतर-क्षेत्रीय इंटरकनेक्शन परियोजनाको उद्घाटन गर्नुहुनेछ। उहाँले 3 हजार 750

करोड़ रुपियाँभन्दा अधिकको ऊर्जा क्षेत्रको परियोजनाहरुको लोकार्पण अनि शिलान्यास पनि गर्नुहुनेछ। यस बाहेक, श्री मोदीले रायपुरमा एच.पी.सी.एल.को नयाँ पेट्रोलियम तेल डिपोको उद्घाटन गर्नुहुनेछ अनि 489 किलोमीटर लामो नागपुर-झारसुगुड़ा प्राकृतिक गैस पाइपलाइन राष्ट्रलाई समर्पित गर्नुहुनेछ।

**पीएम-विज्ञान**

प्रधानमंत्री नरेंद्र मोदीले भन्नुभएको छ, सबैको प्रयासहरुले देश विज्ञान अनि नवाचारको क्षेत्रमा वैश्विक नेतृत्वलाई परिभाषित गरिरहेको छ अनि एक आत्मविश्वासले परिपूर्ण आत्मनिर्भर भारत अब बिस्वलाई प्रेरित गरिरहेको छ। यस क्षेत्रमा पछिलो केहि वर्षहरुमा भएको प्रगतिलाई लिएर एक अंग्रेजी दैनिकमा प्रकाशित केंद्रीय विज्ञान अनि प्रौद्योगिकी मंत्री डॉ. जितेंद्र सिंहको एक लेख साझा गर्दै श्री मोदीले सोशल मीडिया पोस्टमा भन्नुभयो भारतले डिजिटल इंडियादेखि डीप टेक, चंद्रयानदेखि जैव-अर्थव्यवस्था अनि अन्य क्षेत्रहरुमा नयाँ आयाम स्थापित गरिरहेको छ।

**उप-राष्ट्रपति - वाराणसी**

**उप**-राष्ट्रपति **सी.पी. राधाकृष्णनले हिज** उत्तर प्रदेशको वाराणसीमा मुख्यमंत्री योगी आदित्यनाथसित **श्री काशी नट्टुकोट्टई नगर सत्रम प्रबंध समिति** द्वारा निर्मित नयाँ 10-तल्ले **सत्रम भवनको** उद्घाटन गर्नुभयो। यस अवसरमा, उप-राष्ट्रपतिले 140 कोठा भएको 10-तल्ले सत्रम, वाराणसीमा समिति द्वारा निर्मित दोस्रो भवन हो। यसको उद्देश्य श्रद्धालुहरुको सेवा गर्न अनि युवा पीढ़ीलाई यस पवित्र नगरीको यात्राका लागि प्रोत्साहित गर्नु हो। उहाँले यस पहलले काशी अनि तमिलनाडु बीच युगौ पुरानो आध्यात्मिक अनि सांस्कृतिक बंधनलाई दर्शाउदछ , जो **एक भारत श्रेष्ठ भारतको** भावनामा काशी-तमिलको गहिरो संबंधको प्रतीक हो।

**जयशंकर-यूके**

विदेश मंत्री डॉ. एस. जयशंकरले भन्नुभयो भारत अनि ब्रिटेन संबंध एक जटिल ऐतिहासिक सहयोगदेखि बढेर एक गतिशील अनि दूरदर्शी साझेदारीमा विकसित भएको छ। हिजो नयाँ दिल्लीमा ब्रिटेनका राष्ट्रीय दिवस समारोहलाई संबोधित गर्दै डॉ. जयशंकरले भन्नुभयो दुइ देशले प्रौद्योगिकी सुरक्षा पहल अन्तर्गत सहयोग विस्तारका साथै, कनेक्टिविटी, आर्टिफिशियल इंटेलिजेंस र महत्वपूर्ण खनिजहरु संबंधमा अझ बलियो बनाएको छ। उहाँले नौ प्रमुख ब्रिटिश विश्वविद्यालयहरुलाई भारतमा आफ्नो परिसर स्थापित गर्ने स्वीकृति प्राप्त भएको बताउनुभयो। उहाँले साउथेम्प्टन विश्वविद्यालयले गुरुग्राममा आफ्नो परिसरको उद्घाटन पहिले गरिसकेको छ अनि विद्यार्थिहरुको पहिलो बैचलाई स्वागत गर्नुभयो।

**जीएसटी-इलेक्ट्रॉनिक**

नरेन्द्र मोदी सरकारले 22 सितंबरको दिन धेरै क्षेत्रहरुमा जीएसटी दरहरुमा सुधारको साथ जीएसटी बचत उत्सवको शुरुआत गर्नभयो। यसले देशका जनताहरुलाई लाभ पुगिरहेको छ। हाम्रो संवाददाताले बताए अनुसार यी सुधारहरुले इलेक्ट्रॉनिक क्षेत्रमा आम नागरिकहरुलाई धेरै फायदा भइरहेको छ।

**भारत-स्वास्थ्य रिकॉर्ड**

भारतले "स्वस्थ नारी, सशक्त परिवार अभियान" अंतर्गत तीन गिनीज़ वर्ल्ड रिकॉर्ड बनाएको छ। 17 सितंबरदेखि दुइ अक्तूबरसम्म चल्ने यस अभियानमा अभूतपूर्व सामुदायिक भागीदारी रहेको थियो। यस पहलले धेरै रिकॉर्ड बनाए, जसमा एक महीनामा स्वास्थ्य सेवा प्लेटफ़ॉर्ममा पंजीकरण गर्न तीन करोड 21 लाख भन्दा अधिक सामेल छन्। अभियानमा एक हफ़्तामा नौ लाख चौरानबे हज़ारभन्दा अधिक महिलाहरुले स्तन कैंसरको ऑनलाइन जाँचका लागि पंजीकरण गराए जो एक रिकॉर्ड हो। यस बाहेक, राज्य स्तरमा एक सप्ताहमा रिकॉर्ड एक लाख पच्चीस हजार जनाले विभिन्न रोगहरुको लक्षणहरुको जांचका लागि ऑनलाइन पंजीकरण गराए।

**आसियान - भारत - मलेशिया**

मलेशियाका रक्षा मंत्री **सेरी मोहम्मद खालिद बिन नॉर्दिन** ले भन्नुभएको छ, दक्षिण-पूर्व एशियाई राष्ट्र संघ-**आसियान** देशहरु भारतलाई ज्ञान अनि नवाचारको एक वैश्विक केंद्र मान्दछ, एक यस्तो राष्ट्र जसको तागत केवल सैन्य क्षमता मात्रै होइन, तर विज्ञान, प्रौद्योगिकी अनि नवाचार नेतृत्वमा पनि निहित छ। मलेशियाका रक्षा मंत्रीले कुआलालंपुरमा आसियान-भारत रक्षा मंत्रिहरुको **अ**नौपचारिक बैठकको अध्यक्षता गर्नुहुँदै यस्तो टिप्पणी गर्नुभएको हो। यस बैठकमा रक्षा मंत्री राजनाथ सिंह अनि फिलीपींसका राष्ट्रीय रक्षा सचिव **गिल्बर्टो सी. टेओडोरो जूनियर** पनि सामेल हुनुहुन्थ्यो।

**अमरीका-वेनेज़ुएला**

अमरीकाका राष्ट्रपति डॉनल्ड ट्रंपले ति मीडिया रिपोर्टोंहरुको खंडन गर्नुभएको छ जसमा भनिएको छ ट्रंपले वेनेजुएलामाथि हमला गर्ने विचार गरिरहेको छ। यस बयान तब आया जब ट्रंपले भन्नुभयो वाशिंगटनले चाडै मादक पदार्थहरुको तस्करीसित संबंधित अभियानहरुको विस्तार गर्न सक्ने छ। अमरीकाले हालैमा कैरिबियन सागरमा ठुलो संख्याम लड़ाकू विमानहरु, युद्धपोतहरु अनि हज़ारों सैनिकहरु तैनाती गरेको छ। आगामी सप्ताहमा गेराल्ड फ़ोर्ड विमानवाहक पोतको पनि तैनाती गरिनेछ।राष्ट्रपति ट्रंपले सार्वजनिक रूपमा भन्नुभयो उनको प्रशासनले वेनेजुएला भित्र मादक पदार्थहरु संबंधित ठेगानाहरुमा हामला गर्नेछ।

**एनआईपीआई- वार्षिक बैठक**

केंद्रीय स्वास्थ्य सचिव पुण्य सलिला श्रीवास्तवले आज नयाँ दिल्लीमा नॉर्वे-भारत साझेदारी पहल को वार्षिक बैठकको अध्यक्षता गर्नुभयो। भारतमा नॉर्वेको राजदूत मे-एलिन स्टेनरले बैठकको सह-अध्यक्षता गर्नुभयो। बैठकको उद्देश्य यस वर्षको साझेदारी पहलको प्रगति रिपोर्ट अनि चौथो चरणका लागि बजटीय कार्य योजनाहरुको समीक्षा अनि अनुमोदन गर्नु थियो। स्वास्थ्य सचिवले भन्नुभयो साझेदारी स्वास्थ्य सेवा परिणामहरुमा सुधारका लागि गरिएको प्रयासलाई दर्शाउदछ। उहाँले भन्नुभयो भारत सरकार वांछित परिणाम प्राप्त गर्नका लागि प्रतिबद्ध छ।नॉर्वे-भारत साझेदारी पहल, भारतको राष्ट्रीय स्वास्थ्य नीति अनि सतत विकास लक्ष्यलाई प्राप्त गर्ने दिशामा सहयोगका लागि नॉर्वे र भारत सरकार बीच समझौतामा आधारित छ।

**बैडमिंटन**

जर्मनीको सारब्रुकेनमा हाइलो ओपन सुपर-500 बैडमिंटन टूर्नामेंटमा भारतका उन्नति हुड्डा महिला सिंगल्सको सेमीफाइनलमा पुगेकी छन्। उन्नतिले क्वार्टर फाइनलमा चौथो वरीयता प्राप्त चीनी ताइपे की लिन सियांग टी लाई 22-20, 21-13 ले हराए। सेमीफाइनलमा उनको सामना शीर्ष वरीयता प्राप्त इंडोनेशिया की पुत्री कुसुमा वर्दानीसित हुनेछ।

****** ० ******